गुराँस राजपत्र

गुराँस गाउँपालिकाद्वारा प्रकाशित

खण्डः१०　　　　संख्याः२५　　　　मितिः२०८३।०५।१६

भागः २


गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# घाँस टुक्र्याउने मेशीन अनुदान वितरण कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले घाँस टुक्र्याउने मेशीन अनुदान वितरण कार्यविधि, २०८३ जारी गरेको छ ।

## गुराँस गाउँपालिका

## घाँस टुक्र्याउने मेशीन अनुदान वितरण कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/१०
प्रमाणिकरण मितिः २०८३/०५/१५

**प्रस्तावना:**

गुराँस गाउँपालिका क्षेत्रभित्र पशुपन्छी तथा पशुपालन व्यवसायमा आबद्ध किसानहरूलाई आधुनिक प्रविधि अपनाई घाँसको नोक्सानी घटाउन, आहाराको सदुपयोग गर्न, श्रमको बचत गर्न तथा दूध र मासु उत्पादन अभिवृद्धि गर्नका लागि; स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद–१: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम **" घाँस टुक्र्याउने मेशीन अनुदान वितरण कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) **"गाउँपालिका"** भन्नाले गुराँस गाउँपालिकासम्झनु पर्छ।

(ख) **"कार्यालय"** भन्नाले गुराँस गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ग) **"शाखा"** भन्नाले पशुपन्छी विकास शाखा सम्झनु पर्छ।

(घ) **"मेशीन"** भन्नाले विद्युतीय वा इन्जिनबाट चल्ने घाँस टुक्र्याउने मेशीन (Chaff Cutter) सम्झनु पर्छ।

(ङ) **"सञ्चालक/लाभार्थी"** भन्नाले मेशीन प्राप्त गर्ने व्यावसायिक किसान, पशुपालक फर्म, कृषक समूह वा सहकारी सम्झनु पर्छ।

### परिच्छेद–२: बजेट, अनुदानको प्रतिशत र योग्यता

**३. बजेट व्यवस्थापन:**

पालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार विनियोजित रकमबाट मेशीन खरिद तथा अनुदान वितरण गरिनेछ।

**४. अनुदानको दायरा (Cost Sharing):**

(१) मेशीन खरिद लागतको ३०%-५०% (पालिकाको नीति अनुसार तय गर्ने) अनुदान पालिकाले बेहोर्नेछ भने बाँकी ५०%-७०% रकम सम्बन्धित कृषक/फर्मले बेहोर्नुपर्नेछ।

(२) मेशीन खरिद गर्दा तोकिएको स्थान सम्म लाग्ने ढुवानी गाउँपालिकाको एवं जडान र सञ्चालन खर्च लाभार्थी स्वयम्ले बेहोर्नुपर्नेछ।

५. **आवेदक/लाभार्थीको योग्यता:** मेशीन प्राप्त गर्न आवेदकले देहायका शर्तहरू पूरा गरेको हुनुपर्नेछ:

(क) पालिकाभित्र स्थायी बसोबास वा व्यवसाय गरेको हुनुपर्ने।

(ख) न्यूनतम **२ वटा दुहुना गाई/भैँसी** वा **१० वटा बाख्रा/भेडा** व्यावसायिक रूपमा पालेको हुनुपर्ने (वा सोही अनुसारको फार्म/समूह भएको)।

(ग) विगत ३ वर्षभित्र पालिका वा अन्य सरकारी निकायबाट घाँस टुक्र्याउने मेशीन अनुदानमा नलगाएको/नपाएको हुनुपर्ने।

## परिच्छेद–३: निवेदन, छनोट तथा वितरण प्रक्रिया

६. **सूचना प्रकाशन तथा आवेदन:**

(१) शाखाले कम्तीमा १५ (पन्ध्र) दिनको म्याद दिई सार्वजनिक सूचना (वेबसाइट, सूचना पाटी, वडा कार्यालय) मार्फत अनुसूची-१ बमोजिमको आवेदन आह्वान गर्नेछ।

(२) आवेदकले तोकिएको ढाँचामा (अनुसूची-२) देहायका कागजात संलग्न गरी निवेदन दिनुपर्नेछ:

क) नागरिकताको प्रतिलिपि

ख) वडा कार्यालयको सिफारिस पत्र अनुसूची-३

ग) व्यवसाय/फार्म दर्ता (समूह/फार्मको हकमा)

**घ)** पशुपालन सम्बन्धी संक्षिप्त विवरण वा स्वघोषणा पत्र अनुसूची-४

**७. लाभार्थी छनोट प्रक्रिया:**

(१) प्राप्त निवेदनहरूको प्राविधिक जाँच तथा आवश्यकता अनुसार वडा/शाखाबाट स्थलगत अनुगमन गरिनेछ।

(२) देहायको प्राथमिकताका आधारमा छनोट गरिनेछ:

ङ) व्यावसायिक फार्म तथा कृषक समूह/सहकारी

च) दलित, महिला, अपाङ्गता भएका तथा विपन्न पशुपालक कृषक

छ) धेरै संख्यामा पशुपालन गरेका कृषक

८. **खरिद तथा वितरण मोडेल:**

**मोडेल (क):** पालिकाले खरिद ऐन/नियम अनुसार बोलपत्र/दरभाउपत्र मार्फत मेशीन खरिद गरी कृषकको लागत सहभागिता रकम दाखिला भएपछि वितरण गर्ने।

**मोडेल (ख):** कृषक/फार्म आफैँले तोकिएको मापदण्ड र स्पेसिफिकेसन (HP/क्षमता) अनुसार मेशीन खरिद गरी बिल पेस गरेपछि पालिकाले अनुदान रकम सोझै कृषकको बैंक खातामा भुक्तानी दिने।

## परिच्छेद–४: सञ्चालन तथा अनुगमन सम्बन्धी शर्तहरू

९. **मेशीन प्रयोग सम्बन्धी शर्तहरू:**

(१) प्राप्त मेशीन कम्तीमा ३ (तीन) वर्षसम्म बिक्री-वितरण गर्न, हस्तान्तरण गर्न वा अन्य काममा प्रयोग गर्न पाइने छैन।

(२) मेशीनको मर्मत सम्भार र हेरचाहको सम्पूर्ण जिम्मेवारी लाभार्थी स्वयम्को हुनेछ।

(३) दुरुपयोग गरेको वा बिक्री गरेको पाइएमा अनुदान बापतको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१०.**अनुगमन तथा भुक्तानी:**

(१) मेशीन जडान तथा सञ्चालन भए-नभएको अनुगमन समिति (उपाध्यक्ष/उपप्रमुख संयोजक रहेको) वा शाखाले स्थलगत निरीक्षण गर्नेछ।

(२) स्थलगत अनुगमन र अनुसूची-५ को सम्झौता बमोजिम मात्र अनुदान रकम भुक्तानी/फछ्र्यौट गरिनेछ।

## परिच्छेद–५: विविध

**११.बाधा अड्काउ फुकाउने:** यस कार्यविधि कार्यान्वयन गर्दा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

**१२.संशोधन:** यस कार्यविधिमा आवश्यक संशोधन गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

## अनुसूची १: सार्वजनिक सूचना

## घाँस टुक्राउने (च्याफ कटर) मेशीन अनुदानमा वितरण सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०५/....)**

गुराँस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशुपालक कृषक, कृषक समूह, कृषि तथा पशुपालन फार्म र सहकारीहरूलाई उत्पादन लागत घटाउन र पशुपालन व्यवसायलाई आधुनिक तथा व्यावसायिक बनाउन अनुदानमा घाँस टुक्राउने मेशीन (Chaff Cutter Machine) वितरण गर्ने कार्यक्रम रहेकाले यो सूचना प्रकाशित गरिएको छ।

तसर्थ, इच्छुक पात्र/संस्थाहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र देहायका कागजातहरूसहित गाउँपालिकाको पशु सेवा शाखा वा सम्बन्धित वडा कार्यालयमा रीतपूर्वक निवेदन पेस गर्नुहुन आह्वान गरिन्छ।

**१. आवश्यक योग्यता तथा सर्तहरू:**

- गुराँस गाउँपालिकाभित्र स्थायी बसोबास वा दर्ता भई सञ्चालनमा रहेको हुनुपर्ने।
- कम्तीमा … वटा गाई/भैँसी वा …. वटा बाख्रा/भेडा पालेको हुनुपर्ने।
- गाउँपालिका वा अन्य निकायबाट अघिल्लो आवमा सोही प्रकारको मेशीन अनुदानमा प्राप्त नगरेको हुनुपर्ने।
- स्वीकृत नियमानुसार तोकिएको लागत सहभागिता (अनुदानबाहेकको रकम) व्यहोर्न मञ्जुर हुनुपर्ने।

**२. निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू:**

**१.** व्यक्तिगत कृषकको हकमा:

- निवेदकको नेपाली नागरिकताको प्रतिलिपि - १ प्रति
- पशुपालन सम्बन्धी वडा कार्यालयको सिफारिस पत्र - १ प्रति
- पासपोर्ट साइजको फोटो - २ प्रति
- गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने राजश्व बुझाएको रसीद वा भौचर

२. कृषक समूह/फर्म/सहकारीको हकमा:

- संस्था/फर्म/सहकारी दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि - १ प्रति
- स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि - १ प्रति
- मेशीन माग गर्ने सम्बन्धी सञ्चालक समिति/समूहको निर्णयको प्रतिलिपि - १ प्रति

- आधिकारिक प्रतिनिधिको नागरिकताको प्रतिलिपि - १ प्रति
- गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने राजश्व बुझाएको रसीद वा भौचर

**३. छनोट प्रक्रिया:**

प्राप्त निवेदनहरू उपर गाउँपालिकाको पशु सेवा शाखा र छनोट समितिले स्थलगत अनुगमन तथा कागजात छानबिन गरी कार्यविधि अनुसार प्राथमिकताका आधारमा अन्तिम छनोट सूची प्रकाशित गर्नेछ।

*(विस्तृत जानकारीका लागि गुराँस गाउँपालिकाको पशुपन्क्षी विकास शाखा वा मोबाइल नं. ९८XXXXXXXX मा सम्पर्क गर्न सकिनेछ।)*

..............................

**प्रमुख प्रशासकीय अधिकृत**

## अनुसूची २: निवेदनको ढाँचा

मिति: २०८३/..../....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

गुराँस गाउँ कार्यपालिकाको कार्यालय, रानीमत्ता, दैलेख।

**विषय: घाँस काट्ने मेशीन अनुदानमा उपलब्ध गराइपाऊँ।**

महोदय,

उपरोक्त सम्बन्धमा त्यस गाउँपालिका/नगरपालिकाको "कृषि तथा पशु विकास कार्यक्रम" अन्तर्गत कृषकहरूलाई ५०% (वा तोकिएको प्रतिशत) अनुदानमा घाँस काट्ने मेशीन (Chaff Cutter/Grass Cutter) वितरण गर्ने सम्बन्धी सार्वजनिक सूचना बमोजिम यो निवेदन पेश गरेको/गरेकी छु।

म विगत ..... वर्षदेखि वडा नं ..... मा व्यावसायिक पशुपालन (गाई/भैंसी/बाख्रा पालन) गर्दै आइरहेको छु। घाँस काट्न र पशुचौपायाका लागि आहार व्यवस्थापन गर्न परम्परागत तरिका कष्टकर र समय धेरै लाग्ने भएकाले आधुनिक मेशीनको आवश्यकता परेको छ।

तसर्थ, तोकिएका शर्तहरू पालना गर्ने प्रतिबद्धताका साथ अनुदानमा घाँस काट्ने मेशीन उपलब्ध गराइदिनुहुन विनम्र अनुरोध गर्दछु।

मेरो/फर्मको विवरण:

- निवेदक/फर्मको नाम: ....................................................
- ठेगाना: गुराँस गाउँपालिका, वडा नं. .....
- नागरिकता नं.: ...........................................................
- सम्पर्क फोन नं.: ........................................................
- पालेका पशुचौपायाको सङ्ख्या: गाई/भैंसी (.....), बाख्रा (.....), अन्य (.....)

संलग्न कागजातहरू:

१. नेपाली नागरिकताको प्रतिलिपि - १ प्रति

२. वडा कार्यालयको सिफारिस पत्र - १ प्रति

३. पशुपालन/फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि (यदि फर्म भएमा) - १ प्रति

४. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा सम्झौता पत्र - १ प्रति

५. हालसालै खिचेको पासपोर्ट साइजको फोटो - २ प्रति

भवदीय,

(दस्तखत)

नाम: .......................................

ठेगाना: ...................................

मोबाइल नम्बरः …………………………

**अनुसूची ३**

**वडा कार्यालयको सिफारिस पत्रको ढाँचा**

**गुराँस गाउँपालिका**

**.......... नं. वडा कार्यालय**

***(वडा कार्यालयको ठेगाना, जिल्ला, प्रदेश)***

**पत्र संख्या: २०८३/०८४** **मिति: २०८३/..../....**

**चलानी नं.: .............**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

गुराँस गाउँ कार्यपालिकाको कार्यालय

रानीमत्ता, दैलेख ।

**विषय: सिफारिस सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा यस ............ गाउँपालिका/नगरपालिका वडा नं. ..... (साविक ............ गाउँ विकास समिति, वडा नं. .....) निवासी श्री .................................................. (नागरिकता नं. ........................) ले यस वडाभित्र विगत ..... वर्षदेखि व्यावसायिक रूपमा पशुपालन (गाई, भैंसी, बाख्रा आदि) गर्दै आउनुभएको व्यहोरा प्रमाणित गरिन्छ।

निज निवेदक/कृषकले पशुचौपायाको आहार तथा घाँस व्यवस्थापनलाई सहज र आधुनिक बनाउनका लागि ५०% (वा तोकिएको) अनुदानमा घाँस काट्ने मेशीन (Chaff Cutter/Grass Cutter) उपलब्ध गराइपाऊँ भनी निवेदन दिनुभएको हुँदा निजलाई नियमअनुसार अनुदानमा घाँस काट्ने मेशीन उपलब्ध गराई सहयोग गरिदिनुहुन यो सिफारिस पत्र प्रदान गरिएको छ।

कृषक/फर्मको संक्षिप्त विवरण:

- कृषक/फर्मको नाम: ...................................................
- ठेगाना: गुराँस गाउँपालिका, वडा नं. .....
- पालेका पशुहरूको संख्या: गाई/भैंसी (.....), बाख्रा (.....)

..................................

(वडा अध्यक्ष / वडा सचिवको दस्तखत)

नाम: ....................................

पद: ......................................

*(वडा कार्यालयको छाप)*

## अनुसूची ४

## कृषकको स्वघोषणा पत्र

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,**

गुराँस गाउँ कार्यपालिकाको कार्यालय, रानीमत्ता, दैलेख।

**विषय: स्वघोषणा सम्बन्धमा।**

म/हामी निम्नलिखित विवरण भएको आवेदक, गुराँस गाउँपालिकाबाट स्वीकृत **"घाँस टुक्र्याउने मेशीन अनुदान वितरण कार्यक्रम"** अन्तर्गत अनुदान प्राप्तिका लागि यो स्वघोषणा पत्र पेस गर्दछु/गर्दछौँ:

१. **कृषक/फार्म/समूहको विवरण:**
   - **आवेदकको नाम/सञ्चालकको नाम:** ...........................................................................
   - **फार्म/समूह/सहकारीको नाम (भएमा):** ....................................................................
   - **नागरिकता नं. / दर्ता नं.:** .................................... **जारी मिति/जिल्ला:** ........................
   - **स्थायी ठेगाना:** वडा नं. ........, टोल: .........................., गुराँस गाउँपालिका।
   - **सम्पर्क मोबाइल नं.:** ....................................

२. **पशुपालन/व्यवसाय सम्बन्धी विवरण:**
   - मेरो/हाम्रो फार्म/व्यवसायमा हाल देहाय बमोजिमका पशु चौपायाहरू प्रत्यक्ष रूपमा पालिनुका साथै सञ्चालनमा रहेका छन्:
     - दुहुना/थारा गाई/भैँसी संख्या: ................ वटा
     - बाख्रा/भेडा/अड्डा संख्या: ................ वटा
     - अन्य (खुलाउने): ................................

३. **मेरो/हाम्रो प्रतिवद्धता तथा स्वघोषणा:**

(क) मैले/हामीले विगत ३ (तीन) वर्षभित्र यस पालिका वा अन्य कुनै पनि सरकारी, गैरसरकारी वा विकास साझेदार निकायबाट घाँस टुक्र्याउने मेशीन (Chaff Cutter) अनुदानमा प्राप्त गरेको छैन।

(ख) पेस गरिएका सम्पूर्ण कागजातहरू (नागरिकता, सिफारिस, दर्ता प्रमाण-पत्र आदि) र विवरणहरू सत्य-तथ्य छन्।

(ग) छनोट भई अनुदानमा मेशीन प्राप्त भएमा उक्त मेशीनलाई आफ्नै फार्म/व्यवसायमा कम्तीमा ३ (तीन) वर्षसम्म अनिवार्य रूपमा प्रयोग गर्नेछु/गर्नेछौं।

(घ) प्राप्त मेशीन अरूलाई बिक्री गर्न, भाडामा दिन, हस्तान्तरण गर्न वा अन्य गैर-कृषि काममा प्रयोग गर्ने छैन।

(ङ) मेशीनको जडान, नियमित मर्मत सम्भार र सञ्चालनको सम्पूर्ण दायित्व मेरो/हाम्रो आफ्नै हुनेछ।

४. **सजाय/कारबाही सम्बन्धी मञ्जुरी:**

माथि लेखिएको विवरण झुट्टा ठहरेमा वा मेशीनको दुरुपयोग गरेको पाइएमा कानुन बमोजिम हुने सजाय भोग्न र अनुदान बापत प्राप्त रकम सरकारी बाँकी सरह पालिकालाई असुल-उपर गर्न/फिर्ता बुझाउन मेरो/हाम्रो पूर्ण मञ्जुरी छ।

**स्वघोषणा गर्ने कृषक/आवेदकको:**

- **दस्तखत:** ................................................
- **नाम, थर:** ................................................
- **छाप (फार्म/समूह/सहकारी भएमा):** ...................
- **मिति:** २०८३/......./.......

**अनुसूची ५**

**अनुदान सम्झौता पत्रको ढाँचा**

| **प्रथम पक्ष (अनुदान दिने):** | **दोस्रो पक्ष (अनुदान प्राप्त गर्ने):** |
|---|---|
| गुराँस गाउँपालिकाको कार्यालय<br>(कृषि तथा पशु विकास शाखा)<br>रानीमत्ता, दैलेख | श्री ..................................................<br>(नागरिकता नं.: ......................... / फर्म दर्ता नं.: .........................)<br>गाउँपालिका: गुराँस, वडा नं.: .....<br>सम्पर्क नं.: ................................... |

**विषय: घाँस काट्ने मेशीन (Chaff Cutter) अनुदान सम्बन्धी सम्झौता पत्र।**

आज मिति २०८३/..../.... गतेका दिन प्रथम पक्ष **............ गाउँपालिकाको कार्यालय** र दोस्रो पक्ष **श्री ...................................** बीच ५०% (वा तोकिएको) अनुदानमा घाँस काट्ने मेशीन उपलब्ध गराउने सम्बन्धमा देहायका शर्तहरूको परिधिभित्र रही यो सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ।

**१. कार्यक्रमको विवरण:**

- **कार्यक्रमको नाम:** कृषि तथा पशु विकास अनुदान कार्यक्रम
- **यन्त्र/मेशीनको विवरण:** घाँस काट्ने मेशीन (Chaff Cutter / Grass Cutter) — १ थान
- **कुल लागत मूल्य:** रु. ..................../- (अक्षरेपी: ....................................................)
- **गाउँपालिकाको अनुदान अंश (....%):** रु. ..................../-
- **कृषकको लागत सहभागिता (....%):** रु. ..................../-

**२. सम्झौताका शर्त तथा पालना गर्नुपर्ने दायित्वहरू:**

**क) प्रथम पक्ष (गाउँपालिका) को दायित्व:**

१. तोकिएको मापदण्ड र गुणस्तर अनुसारको घाँस काट्ने मेशीन दोस्रो पक्षलाई तोकिएको समयभित्र हस्तान्तरण गर्ने वा सोको अनुदान रकम भुक्तानी/छुटको व्यवस्था गर्ने।

२. आवश्यकता अनुसार मेशीन सञ्चालन तथा मर्मत सम्बन्धी प्राविधिक परामर्श वा सहजीकरण प्रदान गर्ने।

३. मेशीनको प्रयोग र सदुपयोग भए/नभएको समय-समयमा स्थलगत अनुगमन तथा निरीक्षण गर्ने।

**ख) दोस्रो पक्ष (कृषक/फर्म) को दायित्व:**

१. अनुदानमा प्राप्त घाँस काट्ने मेशीनको प्रयोग **आफ्नो पशुपालन/कृषि व्यवसायमा मात्र** गर्ने र यसको पूर्ण सदुपयोग गर्ने।

२. प्राप्त मेशीनलाई कम्तीमा ..... वर्षसम्म **बिक्री-वितरण गर्न, धितो राख्न, भाडामा दिन वा अन्य व्यक्तिलाई हस्तान्तरण गर्न पाइने छैन।**

३. मेशीनको नियमित मर्मत, सम्भार तथा इन्धन/विद्युत् खर्च दोस्रो पक्ष स्वयम्ले व्यहोर्नुपर्नेछ।

४. गाउँपालिका वा सम्बन्धित निकायबाट खटिई आउने अनुगमन टोलीलाई मेशीनको प्रयोग सम्बन्धी निरीक्षण गर्न सहयोग गर्ने।

५. यदि दोस्रो पक्षले मेशीनको दुरुपयोग गरेको, बिक्री गरेको वा पशुपालन व्यवसाय छाडेको पाइएमा गाउँपालिकाले नियमानुसार अनुदान बापतको रकम असुल उपर गर्न वा मेशीन फिर्ता लिन सक्नेछ।

**३. सम्झौता भङ्ग वा खारेजी:**

यदि दोस्रो पक्षले यस सम्झौतामा उल्लिखित शर्तहरूको उल्लङ्घन गरेमा प्रथम पक्षले यो सम्झौता रद्द गरी कानुन बमोजिम कारबाही प्रक्रिया अगाडि बढाउन सक्नेछ।

हामी दुवै पक्षले माथि उल्लिखित शर्तहरू राम्ररी पढी, बुझी, पूर्ण मन्जुरीका साथ आ-आफ्नो राजीखुसीले साक्षीहरूको रोहवरमा यो सम्झौता पत्रमा दस्तखत गरी एक-एक प्रति लिने/दिने गर्‍यौं।

**हस्ताक्षर:**

| **प्रथम पक्षको तर्फबाट (गाउँपालिका)** | **दोस्रो पक्षको तर्फबाट (कृषक/अनुदानग्राही)** |
|---|---|
| **दस्तखत:** ................................... | **दस्तखत:** ................................... |
| **नाम:** ................................... | **नाम:** ................................... |

| | |
|---|---|
| **प्रथम पक्षको तर्फबाट (गाउँपालिका)** | **दोस्रो पक्षको तर्फबाट (कृषक/अनुदानग्राही)** |
| **पद:** प्रमुख प्रशासकीय अधिकृत / शाखा प्रमुख | **ठेगाना:** .................................. |
| **कार्यालयको छाप:** | **मिती:** २०८३/..../.... |

**साक्षीहरू:**

१. **नाम/दस्तखत (वडा प्रतिनिधि/अध्यक्ष):** ..................................................

२. **नाम/दस्तखत (गाउँपालिका प्राविधिक):**

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत